**निर्णय नं. : २२** यस नेपालगंज उप-महानगरपालिकाको पदपूर्ति समितिका अध्यक्षज्यूबाट प्रस्तुत पदपूर्ति समितिको वार्षिक प्रतिवेदन पारित गर्दै प्राप्त सुझावहरुलाई कार्यान्वयनमा लैजान नगरपालिकालाई निर्देशन गरियो ।

**निर्णय नं. : २३** नगरपालिकाको न्यून आय श्रोतबाट नगर क्षेत्र भित्र विद्युत पोलमा लगाईएका वत्तीहरुको महशूल वापतको रकम बुझाउन आर्थिक अभाव हुने हुंदा सडक वत्ती महशूल भुक्तानिको लागि संभाव्य श्रोत सम्बन्धमा विस्तृत संभाव्यता अध्ययन गरी नीतिगत व्यवस्था गर्न नगरपालिका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने/यसमा क्रमशः सौर्य उर्जा प्रयोगलाई प्राथमिकता दिइनेछ ।

**निर्णय नं. : २४** यस नगरपालिकाको संगठन विकास स्वरुप एवम् संगठन र सर्वेक्षण(O&M Survey)सम्बन्धित क्षेत्रका विज्ञहरुमार्फत अध्ययन गराई साविकको संगठन विकास प्रतिवेदनलाई समसामयिक परिमार्जन सहित संगठन स्वरुप तयार गरी स्वीकृतका लागि आगामी नगरपरिषद्मा पेश गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. : २५** नेपालगञ्ज नगरपालिकाको खरिद इकाईबाट तयार भई पेश भएको आ.व. ०७२/०७३ को वार्षिक खरिद योजनालाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.: २६** नगरपालिकाको मिति २०७१।०७।१७ को बैठकबाट साविक नेपालगंज नगरपालिकाको ३ वर्षे बालवालिकाको लागि लगानी योजना (२०७१/०७२-२०७३/०७४) स्वीकृत भए बमोजिम निर्णय अनुमोदन गर्ने साथै स्वीकृत लगानी योजनालाई चालू आ.व.मा परिमार्जन गरि उप-महानगरपालिका स्तरीय योजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २७** साविक नेपालगंज नगरपालिकाको विद्यालय सुधार योजना, २०७१ तयार भै पेश भएकोमा स्वीकृत गर्ने र चालू आ.व.मा परिमार्जन गरि उप-महानगरपालिका स्तरीय योजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २८** साविक नेपालगंज नगर प्रोफाईल, २०७१ लाई स्वीकृत गर्ने र चालू आ.व.मा परिमार्जन गरि उप-महानगरपालिका स्तरीय नगर प्रोफाईल तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. : २९** राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्धारा उ.म.न.पा.क्षेत्रमा संचालन हुने आयोजना तथा कार्यक्रमहरु विगत वर्ष देखि नै वार्षिक नगर विकास योजनामा पेश नगर्ने र आफूखुशी कार्यक्रम संचालन गरिरहेको पाईएकोले सम्बन्धित संस्थाहरुद्धारा चालू आ.व.२०७१।०७२ को हकमा कार्यक्रम संचालन गर्नु पूर्व नगरपालिकामा आबद्ध हुन लागि अनुरोध गर्ने र आगामी नगरपरिषद् हुनु पूर्व बार्षिक कार्यक्रम उप-महानगरपालिकामा पेश गर्न लगाउने निर्णय गरियो । यसका लागि गै.स.सं.को पार्श्वचित्र बनाउन जरुरी देखिएकोले चालू आ.व.को संशोधित वजेटमा रु १५००००।- (एकलाख पचास हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३०** नेपालगंज नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत अद्यावधिक र व्यवस्थित गर्न आवश्यक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. : ३१** विभिन्न समयमा परामर्शदाताहरु मार्फत तयार भई पेश भएका ढल व्यवस्थापन, फोहोरमैला सम्बन्धी गुरुयोजना तथा अन्य क्षेत्रगत गुरुयोजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै लैजान नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. : ३२** यस उप-महानगरपालिका क्षेत्रको सरसफाई सम्बन्धि कार्य सार्वजनिक/निजी साझेदारी अवधारणा अनुसार संचालन गर्न सम्बन्धित संस्था/निजी क्षेत्र/ व्यक्तिले नै दायित्व लिने नीति लाई आगामी आ.व. २०७२/०७३ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. : ३३** चालू आ.व., आगामी आ.व.मा देहाय बमोजिमका विनियम/कार्यविधि/निर्देशिका बनाई स्वीकृत गर्ने नगर परिषद्‌को अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(क) कर्मचारी कल्याण कोष (ख) आर्थिक प्रशासन (ग) राजस्व सम्बन्धि (घ) विपद जोखिम व्यवस्थापन (ङ) यातायात व्यवस्थापन गुरुयोजना (च) बालवालिका सम्बन्धि ।

**निर्णय नं. : ३४** विपद्‌का क्षेत्रहरु, जोखिमको अवस्था, जोखिम न्यूनिकरणका उपायहरु तथा संस्थागत प्रबन्ध समेत उल्लेखित आवधिक विपद् जोखिम व्यवस्थापन योजना (Disster Risk Management Plan) तयारीका क्रममा रहेकोले सम्पन्न पछि स्वीकृत गर्न नगरपरिषद्‌को अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३५** स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ बमोजिम यस कार्यालयको आयोजनामा मिति २०७१ पौष १५ गतेको कार्यशाला गोष्ठी बाट गठित कार्यदलको सुझाव अनुसार निर्देशिकाको (दफा १.२) अनुसूची-१ मा व्यवस्था भए बमोजिम नेपालगंज उप-महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरियो ।

**निर्णय नं. : ३६** नेपालगंज उप-महानगरपालिकाबाट गत आ.व.२०७०/०७१ मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको समीक्षा गर्न नगरपालिका कार्यालयको आयोजनामा मिति २०७१।०५।१५ गतेको बैठकमा गरिएका सल्लाह, सुझाव समेटी प्राप्त भएको प्रतिवेदन माथि छलफल भयो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरु समावेश गरी कार्य प्रणालीमा सुधार गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. : ३७** नेपालगञ्ज नगरपालिकाको पदपूर्ति समितिको अध्यक्ष पदमा पूर्ववत् काम गरिरहनु भएका वोधि प्रसाद खनाललाई पदपूर्ति समितिको अध्यक्ष पदमा निजको दोश्रो ५ वर्षको कार्यकाल सम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. : ३८** आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) र न.पा.अनुदान संचालन कार्यविधिले निर्देशन गरे बमोजिम यस न.पा.को आ.व.२०७०।०७१ मा सम्पादन गरेका काम कारवाहिका सम्बन्धमा

सामाजिक परिक्षण कार्यविधि अनुसार सरोकारवालाहरुको उपस्थितिमा अन्तक्रिया, छलफल सम्पन्न भै मिति २०७०।०७।२७ मा प्राप्त भएको सामाजिक परिक्षण प्रतिवेदन प्रस्तुत भयो र प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्न न.पा.का.लाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ३९** नगर क्षेत्र भित्र निर्माण हुने सरकारी/सार्वजनिक भवनको नक्सा अपाङ्ग मैत्री बनाउन अनुरोध गर्ने र अपाङ्ग मैत्री नक्सा भए मात्र स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. :** ४० यस उप-महानगरपालिका अन्तर्गत हाल थप भएका १० वटा वडाहरुमा भवन तथा योजना मापदण्ड तयार गर्नका लागि चालू आ.व.२०७१।०७२मा रु दश लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ४१** हाल थप भएका १० वटा वडाहरुमा एकीकृत सम्पति कर व्यवस्थापन गर्नका लागि चालू आ.व.मा रु दश लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** : ४२ शहरी ट्राफिक व्यवस्थापन अन्तर्गत नेपालगंज स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेपालगंजलाई कार्यालय सुधारका लागि रु.एक लाख चालू आ.व.मा सार्वजनिक निर्माण सुधार शिर्षकबाट खर्च व्यहोर्ने गरी सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ४३** यस उ.म.न.पा. क्षेत्रमा संचालित नगर स्वास्थ्य केन्द्र संचालन गर्न चालू आ.व.का लागि स्वीकृत रु दश लाख बाट उक्त कार्यक्रम संचालनमा खटिएका कर्मचारीहरुको हालको प्रचलित स्केल, घर भाडा लगायतका खर्च अपुग भएको हुंदा सोलाई दृष्टिगत गरि चालू आ.व.२०७१/०७२ मा रु पांच लाख थप गर्ने निर्णय गरियो ।

**निर्णय नं**. : ४४ यस कार्यालयबाट संचालित आयोजना तथा कार्यक्रमहरुको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम प्राविधिकबाट मूल्याङ्कन गरि कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको मितिले १ महिना भित्र सार्वजनिक परीक्षण कार्यविधि, २०६७ अनुसार सार्वजनिक परीक्षण गरी आयोजना तथा कार्यक्रमहरुको जांचपास तथा फरफारक भए पछि मात्र अन्तिम भुक्तानी प्रक्रिया आजैका मिति देखि लागू हुने गरि अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. : ४५** चालू वर्षको वर्षा याममा नाला सरसफाई कार्यमा सकृय रुपमा खटिई नगरपालिकाको सेवा प्रवाहमा उत्कृष्ट कार्य गरे बापत कार्यरत् कर्मचारीहरु मध्ये यस कार्यालयको वातावरण तथा सरसफाई शाखामा कार्यरत् नाइके श्री मैकूलाल बाल्मिकी लाई अक्षेरुपी रु.पांचहजार र प्रमाण पत्र सहित उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. :** ४६ नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र लाई समेत समेटर निर्माण हुने रिङ्ग रोडका लागि सडक विभाग, डिभिजन कार्यालय बांके लगायतका निकायहरु संग सहकार्य गरि कार्यान्वयन गर्न विशेष पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. :** ४७ उपर्युक्त नीतिगत निर्णयहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । कुनै निर्णय हुन छुट भएको रहेछ भने नगरपालिकाको संस्थागत एवम् नगरवासीको हितमा कुनै कार्य गर्न परेमा निर्णय गरी कार्यान्वयन गर्न सक्ने गरी न.पा. बोर्डलाई अधिकार दिने निर्णय गरियो ।